संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर



**मुलुकी दैनिकको नयाँ विज्ञापन दर**

आवरण पृष्ठ: प्रति सेमि कोलम ५००/-
भित्रि पृष्ठ: प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठ: प्रति सेमि कोलम ४००/
भित्री पृष्ठ पुरा ४५,०००/-
अन्तिम पृष्ठ पुरा ५०,०००/-
आवरण पृष्ठ आधा: ३५,०००/-
ज्याकेट: ७५,०००/
नोट: रु ५०,०००/- भन्दा माथिको रकममा मूल्य अभिवृद्धि कर जोडिनेछ ।



■ बर्ष-१५, ▶▶ अंक ३७४ साउन १७ आईतबार,२०७८, July–32 Sunday 2021, यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com








उदयपुर जिल्लाको सदरमकाम गाईघाटको मुख्य चोक र पिपलचोक बिच सडकको पैदलयात्रु हिड्ने सडकपेटी पुरै अबरुद्ध हने गरी मिचेर आफ्नो ब्यापार गरीरहेको यामाहा स्वरुम । पैदलयात्रु हिड्ने सडकपेटी पुरै मिचेर यसरी अबरुद्ध गर्दा समेत ट्राफिक प्रहरी, नगर प्रहरी रमिता हेरेर बसेका छन् । तस्बिर - बुद्धि कुमार राई


# गाईघाटमा दैनिक यति धैरै डिजेल पेट्रोल खपत

❖ बेद कुमारी राई

*गाईघाट, साउन १६*


उदयपुर जिल्लाको सदरमुकाम गाईघाट आसपासमा रहेको ४ वटा पेट्रोलपम्पबाट दैनिक पेट्रोल ८ हजार लिटर र डिजेल १२ हजार लिटर खपत हुने गरेको पाईएको छ ।

गाईघाटकै सबैभन्दा पुरानो एस्.के. पेट्रोल पम्प, सगरमाथा पेट्रोल पम्प देउरी, उर्जा फ्युल पेट्रोल पम्प मोतिगडा र रियाज सप्लार्य पट्रोल पम्प गाईघाट नामको ४ वटा पेट्रोल पम्पहरु उदयपुर सदरमुकाम गाईघाट आसपासमा रहेका छन् । बिगत २५ वर्ष देखि सञ्चालित एस्.के.पेट्रोल पम्पका सञ्चालक असर्फी साहले विराटनगरबाट आयात गरी पेट्रोल प्रतिलिटर १२८ र डिजेल १११ का दरले दैनिक













पेट्रोल र डिजेल ७५ सय लिटर बिक्री गर्ने गरेका छन् । त्यस्तै रियाज सप्लायर्स एन्ड टेडर्सले दैनिक पेट्रोल ८ सय लिटर, डिजेल १५ सय लिटर बित्री गर्ने गरेको सञ्चालक किशोर राई बताउँछन् । त्यस्तै मोतिगडामा रहेको उर्जा फयुल सेन्टरका सञ्चालक बैजनाथ साहले ३६ हजार डिजेल र २८ हजार पेट्रोल भण्डारण गर्ने क्षमता भएको ट्याङकीबाट २ हजार पेट्रोल र २ हजार डिजेल दैनिक बेच्ने गरेका छन् । देउरीमा २०४९ सालमा स्थापना भएको सगरमाथा पेट्रोल पम्प देउरीले को सबैभन्दा धैरै ४८ हजार लिटर जाने डिजेलको ट्याङकी र ९ हजार लिटर जाने पेट्रोलको ट्याङकीबाट दैनिक १५ सय लिटर पेट्रोल र ४ हजार लिटर डिजेल बिक्री गरिरहेका छन् ।


## बिके किराना पसल



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्षित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर सगैं, उदयपुर ।

***प्रोपाइटर - भरत चामलिङ राई***

## सगरमाथा डिपाटमेन्ट स्टोर

**गाईघाट, उदयपुर**

सबै घरायसी दैनिक उपभोग्य सामानहरु, लुगा कपडाहरु, विद्युतीय सामानहरु गाईघाटमा एकै ठाउँमा पाईने सगरमाथा डिपाटमेन्ट स्टोर, गाईघाट लोकतान्त्रिक पिपलचोक, उदयपुर








प्रोपाइटर - किरण चामलिङ राई

सम्पादकीय

# नगर प्रहरीले के गर्छ ?

त्रियुगा नगरपालिकाले साउन १ गतेदेखि नगरपालिकाको वडा नम्बर ११ गाईघाट बजारको सडकपेटी सफाई कार्यक्रम आयोजना गरी बृहत सुरुवात गर्यो । सुरुवातको दिन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तुलसीराम सेढाई, जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख प्रहरी उपरिक्षक सुबास चन्द्र बोहोरा, शसस्त्र प्रहरी उदयपुर का प्रमुख प्रहरी उपरिक्षक सुधिर सुबेदी, मेयर बलदेब चौधरी, उपमेयर देबि कुमारी चौधरी लगायत सयौ जिल्लाका प्रशासनिक निकायका प्रतिनिधि अधिकारीहरु, जनप्रतिनिधिहरुले त्यति धैरै अनुरोध गरेर सडकपेटी खुल्ला गर्न दुई हात १० औंला जोडेर अनुरोध गरे ।

जिल्ला प्रहरी कार्यालय मातहतको प्रहरी नायब निरिक्षकको कमाण्डमा रहेको नगर प्रहरी, त्रियुगा नगरपालिकाको आफ्नै नगर प्रहरी र जिल्ला ट्राफिक प्रहरी त्यो परिघटनाको साक्षि हुन् । अभियान सुरु गरेको अहिले दुई हप्ता बित्न नपाउँदै सडकपेटी अबरुद्ध गर्ने, सडकपेटीमा सामान राखेर बेच्ने, सडकपेटीमा गाडी, मोटरसाईकल पार्क गर्ने गतिबिधि बढिरहेको छ । होइन के हेरेर बसेका छन् त्रियुगा नगरपालिकाका नगर प्रहरी, जिल्ला ट्राफिक प्रहरी, नगरपालिकाका गाईघाट बजारको प्रहरी कमाण्ड सम्हालेका प्रहरीहरु? आफ्नो काम कर्तब्य के हो भनेर अड्कल गर्न सकिन्न ? सडकपेटी नै अबरुद्ध गरेर ब्यापार गर्ने यामाहा सोरुमबाट लेनदेन छ कि किन ट्वाल्ल परेर हेरिरहेको ? सडकपेटीमा सामान थुपारेर बजारलाई दुषित पार्ने, सडकपेटी अबरुद्ध गर्नेहरुलाई कारबाही गर्न नसक्ने के नगरप्रहरी ? सडकपेटीमा सामान राख्नेहरुको सामान उठाएर सडकपेटी सफाई गर्न कसले रोक्यो नगरप्रहरीलाई ? यदि नगर प्रहरीले आफ्नो अधिकार, कर्तब्य पुरा गर्न सक्दैन भने नगर प्रहरीको जागिर खाएको के काम ? सडकपेटीको सामान उठाउन कसले रोक्यो नगर प्रहरीलाई हाकिमले ? मेयरले ?

नगर प्रहरीले तुरुन्त आफ्नो जिम्मेवारी पुरा गर्नुपर्दछ । नगरपालिकाको, नगरबासीको हितको निम्ति भर्ना गरिएको नगर प्रहरीले काम गरेन, सडकपेटी सफाई भएन, पैदलयात्रीले सडकपेटीमा हिड्न पाएन, सडकपेटी, सडकमा सामान थुपारिएको पाईयो भने नगर प्रहरी भर्ना गर्नुको कुनै काम छैन । नगर प्रहरीले राजिनामा दिँदा हुन्छ । आफ्नो जिम्मेवारी पुरा गर्न नसक्ने कुनै पनि प्रशासक, कर्मचारी, प्रहरी, नगरप्रहरीको काम छैन । नगर प्रहरीले सडकको सामान देख्ने बितिकै उठाएर नगरपालिकामा ल्याउन सक्नुपर्दछ । बाँकी कुरा नगरपालिकामा बसेर गर्न सकिन्छ । जिल्ला ट्राफिक प्रहरीले सडकपेटीमा राखिएका मोटरसाईकलको हेलमेट जफत, मोटरसाईकल हावा खोल्ने, चक्का शिल्ड गर्ने, फाइन दिने गर्न आँट गर्नु सक्नुपर्दछ ।

# उदयपरमा सवारी दर्घटना बढ्दै

❖मनिता कुमारी राई

*उदयपूर, साउन १६*

एक बर्षको अबधिमा उदयपुरमा सवारी दुर्घटना बाट ३८ जनाले ज्यान गुमाएको छ भने ७८ जना गम्भिर घाईते भएको छ । आर्थिंक बर्ष २०७७/०७८ मा भएको बिभिन्न साना तथा ठुला ३०१ सवारी दुर्घटनामा परी ३८ जनाको ज्यान गएको जिल्ला ट्राफिक कर्यालय उदयपुरको तथ्याँङकले देखाएको छ ।



मृत्यु हुनेहरुमा पुरुष ३०, महिला ५, बालक ३ रहेको छ । उनिहरुको ट्रक, टिपर, बस, ट्याक्टर अटो र मोटर साईकलमा दुर्घटनामा परी मृत्यु भएको हो । यता घाईते हुनेहरु भने ६१ पुरुष, १२ महिला, ४ बालक र १ बालिका रहेकी छिन् ।तत्याङकका अनुसार सबै भन्दा बढी मोटर साईकल दुर्घटना भएको देखिन्छ । यस बर्ष मोटर साईकल मात्र १७३ ओटा दुर्घटनामा परेको तथ्याङकले देखाएको छ । यसै गरी अन्य सवारीहरु जिप ३८ ओटा, अटो ३४ ओटा, ट्याक्टर २१ ओटा, ट्रक ६ ओटा, टिफर ५ ओटा, र अन्य १९ ओटा सवारीहरु दुर्घटनामा परेको जिल्ला ट्राफिक कार्यालय उदयपुरले जनाएको छ ।

सवारी दुर्घटना सबै भन्दा बढी बैशाख महिनामा ४५ ओटा भएको तथ्याङकले देखाएको छ भने सबै भन्दा कम साउन महिनामा ६ ओटा मात्र भएको पाइएको छ । यता दुर्घटनामा परी सामान्य घाईते हुनेहरुको संख्या भने ३०६ रहेको छ । दुर्घटनामा पशु चौपायहरु पनि मरेका छन् । २ पशु चौपाय मरेका छन् भने अन्य २ घाईते भएको छ ।




स्वर्गिक मार्ग संघ नेपाल उदयपर जिल्ला शाखा तथा नारी शाखाको शनिबारदेखि गाईघाटमा सरु भएको १६ औं साधरण सभा तथा छैठौं अधिबेशन । तस्बिर - बुद्धि कुमार राई



| | |
|---|---|
| १, आलु रु ४० | १६, धनियाँ रु ८० |
| २, अदुवा रु १६० | १७, लोकल बोडी रु ८० |
| ३, टमाटर रु ६० | १८, खर्बुजा रु ४० |
| ४, बन्दा रु ६० | १९, रायो साग रु १०० |
| ५, भेन्टा रु ८० | २०, लट्टे साग रु ६० |
| ६, खुर्सानी रु २०० | २१, प्याज रु ७० |
| ७, मुला रु ६० | २२, निगुरो रु २५ |
| ८, पर्वल रु १०० | २३ दुध रु. ७० |
| ९, तितेकरेला रु ६० | २४, दही रु ९० |
| १०, भिन्डी रु ८० | २५, मोही रु ५० |
| ११, च्याउ रु २४० | २६, घ्यु रु ७०० |
| १२, काउली रु १६० | २७, राँगाको मासु रु ४०० |
| १३, पर्सी रु ५० | २८, बंगुरको मासु रु ४०० |
| १४, कटहर रु ४० | २९, खसीको मासु रु १,००० |
| १५, काँका रु ७० | *स्रोत: तरकारी बजार* व्यवस्थापन समिति |




गाईघाट-कदमाहा (८७र४९
गाईघाट(लहान( १००।९५
गाईघाट(रुपनी(१५९।८६
गाईघाट(राजबबीराज(१८५।०९
गाईघाट(ईटहरी(३३७९२
गाईघाट(धरान(३७१।२०
गाईघाट(बीराटनगर(३८२।७२
गाईघाट(बीर्तामोड(५३८।४८
गाईघाट(काकडभीठा(५५६।८०
गाईघाट(मीँचैया(१६८।२७
गाईघाट(कटारी(२५२।४०
गाईघाट(ढल्केवर(२६०।८३
गाईघाट(जनकपुर(३०१।३१
गाईघाट(चन्द्रनीगाहपुर(३९५।४४
गाईघाट(पथलैया(५०४।८२
गाईघाट(बीरगन्ज(५८०।१०



गाईघाट(हेटौडा(५९६।९९
गाईघाट(नारायणघाट(७४०।४२
गाईघाट( काठमाण्डौं (११०३९ ।०७
गाईघाट ( पोखरा (१०९०।२१
गाईघाट ( जलजले चुहाडे ( ४४।८०
गाईघाट ( कालीखोला (६४।००
गाईघाट (होक्से (७६।८०
गाईघाट(नाम्चे(८९।६०
गाईघाट(कौवाई(११५।२०
गाईघाट(मुर्कुची(१२८।००
गाईघाट(अधेरी(१५३।६०
गाईघाट(फर्से(१६६।४०
गाईघाट(देउराली(१७९।२०
गाईघाट(नेपालटार(१९२।००
गाईघाट(रामपुर(३२१।२८
गाईघाट(जाँते(७६८।००




त्रियुगा नगरपालिकाले गाईघाट बजारको सरसफाई गर्न आफ्नो सरसफाई कर्मचारीलाई बजारको सरसफाई गर्न लगाउँदै। बिधत प्राधिरण उदयपर बितरण केन्द्रले गाईघाट बजारको खतराको रुपमा रहेको पिपलको बोट काटेर सफाई गर्दै। तस्बिर - बुद्धि कुमार राई




# नेपालमा ३६११ जनामा कोरोना

❖ संवाददाता

*गाईघाट, साउन १६*

वितेको २४ घण्टामा थप ३ हजार ६११ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ९ हजार ७८३ पीसीआर परीक्षण गर्दा २ हजार ४६७ जना र ४ हजार ८७८ एन्टिजेन परीक्षण गर्दा १ हजार १४४ गरी ३ हजार ६११ जनामा संक्रमण पुष्टि भएको छ। योसँगै देशभर कुल संक्रमितको संख्या ६ लाख ९३ हजार १०९ पुगेको हो ।

त्यस्तै वितेको २४ घण्टामा कोरोना संक्रमणबाट थप २७ जनाको ज्यान गएको छ। योसँगै देशभर कोरोनाबाट ज्यान गुमाउनेको संख्या ९ हजार ८३४ जना पुगेको मन्त्रालयले जनाएको छ।वितेको २४ घण्टामा १ हजार ८१६ कोरोना मुक्त भएर घर फर्किएका छन्।योसँगै देशभर ६ लाख ५२ हजार २६१ जना संक्रमणमुक्त भएका छन्।मन्त्रालयका अनुसार हाल देशभर सक्रिय संक्रमितको संख्या ३१ हजार १४ जना रहेका छन् । जसमध्ये २७ हजार ८२० जना होम आइसोलेसनमा रहेका छन् भने ३ हजार १९४ जना संस्थागत आइसोलेसनमा रहेका छन् । कोेनाका बिरामीमध्ये ६८६जना आईसीयूर१६१ जना भेन्टिलेटरमा उपचारर्त रहेका छन्।






त्रियुगा उधोग वाणिज्य संघको अत्यन्त जरुरी सूचना

त्रियुगा उधोग वाणिज्य संघ, उदयपुर

मिति : २०७८/४/०४

सूचना ! सूचना !! सूचना !!!

विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड १९ के गर्दा नेपाल सरकारले लगाएको देशव्यापी लकडाउनका कारण सम्पूर्ण उधोग व्यावसाय मारमा परेको यो अवस्थामा नेपाल सरकार लगायत स्थानिय निकायले समेत सदस्यता नविकरणमा छुट दिएको व्यवस्थालाई मध्यनजर गर्दै यस त्रियुगा उधोग वाणिज्य संघको मिति २०७८ साल श्रावण ४ गते बसेको बैठकले निर्णयानुसार आ.व.०७८/०७९ को सदस्यता नविकरणमा ५० प्रतिशतले छुट गरिएको व्होरा सम्पुर्णमा जानकारीका लागि यो सूचना मार्फत सूचित गरिन्छ ।

त्रियुगा उधोग वाणिज्य संघ
गाईघाट, उदयपुर









सम्पर्क –
९८६२९३६१९०
९८१७४५०६७
स्थान – गाईघाट
टेम्पुचोक




## नारायणी ग्यासको अधिकृत बिक्रेता (डिलर),गाईघाट



यहाँ ग्यासको रेगुलेटर, चुलो ग्याँस समन्धी सम्पूर्ण सेवा उपलब्ध छ ।

बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान- गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

# अल्मताइन प्रशिक्षणमा फर्किए

❖ बिबेक राई

*गाईघाट, साउन १६*
नेपाली फुटबल टोलीका मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरी शनिबारबाट राष्ट्रिय टोलीको प्रशिक्षणमा फर्किएका छन्। यसअघि उनले राजीनामा दिने बताउँदै प्रशिक्षणमा आएका थिएनन्। गत आईतबार उनले वरिष्ठ उपाध्यक्ष पंकज विक्रम नेम्वाङको कारणले एन्फामा राजीनामा दिनु जाने कुरा फेसबुकमा स्टाटस लेख्दै नेपाली फुटबल प्रेमीलाई जानकारी दिएका थिए। उपाध्यक्ष नेम्वाङले पनि आफूमाथि गलत आरोप लगाइएको र यस विषयमा छानबिन गरि दोषी भए सजायको भागेदार हुन तयार रहेको बताएका थिए।

यसपछि एन्फाको विवाद यसपटक चाँहि भुँइमा आएको भनेर विभिन्न सञ्चारमाध्यममा छताछुल्ल भएको थियो। दुवै पक्षको लागि दुईथरिको प्रतिक्रियाहरु पनि आएको थियो। कसैले कुवेती प्रशिक्षक अल्मुताइरीको पक्षमा समर्थन गर्दै एन्फामा राजनीति हुने गरेकोमा यसपटक सतहमा आएको तर अबआइन्दा यस्तो राजनीति चल्न नदिने भनेका थिए। कसैलेभने प्रशिक्षक अल्मुताइरीले मर्यादा बिर्सेर सम्झौताविपरित चुनाव नजिकिँदै गर्दा एन्फा पदाधिकारीसँग मोफसल भ्रमण र अरु एन्फा पदाधिकारीको मानसिकता बारे मिडियामा बोल्नु गलत भएको बताएका थिए।

पछि प्रशिक्षक अल्मुताइरीले आफूले चुरोट पिएको विषयलाई मिडियामा ल्याएर आफ्नो बदनाम गराउने पत्रकार र आफूलाई काममा डिस्टर्ब गर्ने वरिष्ठ उपाध्यक्ष नेम्वाङविरुद्ध एन्फामा दिए। उपाध्यक्ष नेम्वाङले पनि प्रशिक्षकले आफूमाथि गम्भिर आरोप लाएको भन्दै यस विषयको छानबिन हुनुपर्नेमा माग राखेका थिए। त्यसपछि अखिल नेपाल फुटबल संघ (एन्फा) ले दोस्रो उपाध्यक्ष नेम्वाङ र प्रशिक्षक अब्दुलाह अलमुताइरीको मामलालाई शुक्रबार एन्फा बैठकमा छलफल गर्ने बताएको थियो।

तर एन्फाले शुक्रबार बसेको बैठकपछि यस विषयको छिनोफानोका लागि युवा तथा खेलकुद मन्त्रालयलाई जिम्मा दिने निर्णय गरेको छ। यस्तो विषयलाई पनि मोडेर एन्फाकै विधानविपरीत मन्त्रालयसम्म पुऱ्याएको भनेर अहिले विभिन्न सामाजिक सञ्जालमा एन्फाकै आलोचना भएको छ। एन्फाभित्रको वियषलाई के भएको र को दोषी भनेर एन्फामै टुंग्याउने पर्ने भन्दै आलोचनाको शब्दहरु गुञ्जिन थालेको छ। फेसबुकमा राजीनामा घोषण गरेपनि प्रशिक्षक अल्मुताइरीले लिखित रुपमा आधिकारिक पत्र भने एन्फामा बुझाएको थिएन।

राजीनामा घोषण गरेयता यसबीचमा प्रशिक्षक अल्मुताइरी नेपाली फुटबल टोलीको प्रशिक्षणमा सहभागि नभएपनि शनिबारको अभ्यासमा सहभागि भए। अभ्यासको लागि नेपाली टोलीलाई आफूभित्रै टिम नितिन र टिम पुजन गरि दुई भाग लाएर मैत्रीपूर्ण खेल खेलाइएको थियो जसमा टिम नितिन ४-३ ले विजयी भयो। शनिबार खेलाइएको उक्त मैत्रीपूर्ण खेलको हाफ टाइमको समयमा प्रशिक्षक अल्मुताइरी अभ्यास हेर्न मैदान आएका थिए। नितिन थापाले टिम नितिन र पुजन उपरक्रेटीले टिम पुजनको प्रशिक्षकको भूमिका निभाएका थिए।

नेपाल अहिले आउँदो साफ च्याम्पियनसिपको तयारीमा व्यस्त छ। बंगलादेशले साफ नगर्ने भएपछि नेपाल आयोजक बन्नु इच्छुक भएको हो। माल्दिभ्सले पनि आयोजनाको लागि दाबेदारी दिएको छ। नेपाल सरकारले पनि साफको लागि दश करोड रकम सहयोग दिने बताएको छ। साफ कमिटिले नेपाललाई आयोजनाको जिम्मा दिनु ईच्छुक भएकोले नेपालले आयोजना गर्नुपाउने सम्भावना छ तर अन्तिम निर्णय भने अर्को महिना टुंगो लाग्ने छ। उता जापानमा भइरहेको टोक्यो ओलम्पिक २०२० को पुरुष फुटबलको सबै क्वाटरफाइनल खेल शनिबार सम्पन्न भएको छ।

स्पेनले आइभरी कोस्टसँग निर्धारित ९० मिनेट २-२ को बराबरी खेलेपछि थप अतिरिक्त ३० मिनेटको समयमा तीन गोल थप्दै ५-२ ले जीतहात पार्यो। जापानले न्यूजिल्याण्डसँग निर्धारित ९० मिनेट र थप अतिरिक्त समयसम्म पनि गोलरहित बराबरी खेलेपछि टाइब्रेकरमा ४-२ को जीत पायो। ब्राजिलले ईजिप्टलाई १-० ले हराउँदै सेमिफाइनलमा ठाउँ सुरक्षित गऱ्यो। गोलको वर्षा भएको अन्तिम क्वाटरफाइनल खेलमा मेक्सिकोले दक्षिण कोरियालाई निर्धारित ९० मिनेटभित्रै ६-३ ले पराजित गऱ्यो।





त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः–**बिनोदकुमार पाण्डे**
सम्पर्कः– ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

गाडी रिजर्भ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४, ९८५२८३०५८२





प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ। स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

त्रियुगा नगरपालिका गाईघाट उदयपुर

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ सालको श्रावण १ गते देखि भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा स्वयं वा संरक्षक उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं।
तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।


माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट